माननीय बिन्दु कुमार थापा
मन्त्री

# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन एवम् परिचालन मापदण्ड, २०८१

प्रस्तावना:

हरेक वर्ग, क्षेत्र, समुदाय, सम्प्रदाय, जातजाती लगायत गरिब, पिछडिएको क्षेत्रका बासिन्दा, अशक्त, अपाङ्गता भएका व्यक्ति, युद्ध तथा द्वन्दमा परेका व्यक्ति, घरेलु श्रमिक, सडक बालबालिकालाई शिक्षाको मूलधारामा समावेश गराइ गुणस्तरीय जीवन यापन गर्न सक्ने बनाउन र शिक्षाको माध्यमबाट राज्यको मुल प्रवाहमा समाहित गर्दै राज्यको शासन प्रक्रिया, नीति निर्माण, नीति कार्यान्वयन लगायत राज्यका हरेक अङ्गमा हरेक वर्गको सार्थक उपस्थिति गराई उक्त वर्गलाई राज्यप्रति अपनत्व महशुस गराउने उद्देश्यले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको मापदण्ड बनाइ लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन एवम् परिचालन मापदण्ड, २०८१ रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "समावेशी शिक्षा" भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, सम्प्रदाय, जातजाती लगायत महिला, आदिवासी जनजाती, मधेसी, दलित, गरिब, पिछडिएको क्षेत्रका बासिन्दा, अशक्त, अपाङ्गता भएका, युद्ध तथा द्वन्दमा परेका, घरेलु श्रमिक, सडक बालबालिकालाई उनिहरुको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाउन गरिने प्रयासलाई सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशमा रहेका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "सचिव" भन्नाले भन्नाले शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले स्थानीय तहको प्रमुखलाई सम्झनु पर्छ ।

(च) “उप प्रमुख“ भन्नाले नगरपालिका र नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(छ) “उपाध्यक्ष “भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

माननीय विन्द कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

३. <u>सञ्जाल गठन गर्नुको उद्देश्यः</u> बालिका तथा सामावेशी शिक्षा सञ्जाल गठन गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) शिक्षामा सबै वर्गको अधिकार स्थापित गरी शिक्षालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन राज्यले शिक्षाका सम्बन्धमा लिएको नीति तथा कार्यनीतिलाई कार्यान्वयन गर्दै बालिका तथा समावेशी शिक्षाका लक्ष्य पुरा गर्नका लागि आधार तयार गर्नु ।

(ख) स्थानीय तह एवम् विद्यालयमा सञ्जाल गठन एवम् परिचालनका लागि सहजिकरण गर्नु ।

४. <u>सञ्जालको औचित्यः</u> संघीयता कार्यान्वयन सँगै सबै तहका सरकारबीच बालिका तथा समावेशी शिक्षाको महत्व एवम् आवश्यकता सम्बन्धमा समान बुझाईको विकास गरी विद्यालय तहमा समावेशी शिक्षा कार्यान्वयनका लागि स्थानीय तह मार्फत विद्यालयमा सचेतना विकास गर्ने ।

५. <u>समावेशी शिक्षाको आवश्यकताः</u> समावेशी शिक्षाको आवश्यकता देहायबमोजिम रहेको छः

(क) सबै बालबालिकाहरुलाई विभेदरहीत तवरले बाल मैत्री वातावरणमा शिक्षा प्रदान गर्ने

(ख) विभिन्न समुदाय, भाषाभाषी र सम्प्रदायका मानिसहरुलाई उनिहरुको आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न ।

(ग) शिक्षाको माध्यमबाट समाजमा रहेको वर्गिय, जातीय, धार्मिक, सास्कृतिक विभेदको अन्त गर्न ।

(घ) सामाजिक न्याय प्रदान गरी समतामुलक समाज निर्माण गर्न ।

(ङ) शिक्षामा सबै वर्गको अधिकार स्थापित गरी शिक्षालाई सर्वसुलभ र पहुँचयोग्य बनाउन ।

(च) सबैका लागि शिक्षा कार्यक्रम लगायत राज्यले शिक्षाको संबन्धमा लिएको नीति तथा कार्यनीतिलाई कार्यान्वयन गर्न (मुर्तरुप प्रदान गर्न) ।

(छ) राज्यको मूलप्रवाहमा आउन नसकेका वर्गलाई जागृत र शिक्षित बनाई राज्यप्रति अपनत्वको भावना विकास गराई राष्ट्रिय एकता कायम गर्न ।

(ज) सीपमुलक र व्यावसायिक शिक्षा प्रदान गरी सबै वर्गका नागरिकलाई आत्मनिर्भर बनाउन ।

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

(झ) शिक्षा सम्बन्धी नीति, कार्यनीति, कार्यक्रम तथा शैक्षिक योजना निर्माण र त्यसको कार्यान्वयन तथा अनुगमन मूल्यांकन समेतमा समावेशी अवधारणा अनुसार सबै वर्गको सार्थक सहभागिता गराउन ।

(ञ) शिक्षालाई आवश्यकतामुखी तथा जीवनोपयोगी बनाउन ।

(ट) विद्यालय र विद्यालय बाहिर समेत भेदभाव रहित शैक्षिक वातावरण निर्माण गर्न।

(ठ) अपाङ्ग मैत्री शैक्षिक सामाग्री तथा वातावरण निर्माण गर्न ।

(ड) विद्यालयमा भर्ना नहुने तथा भर्ना भएपनि कक्षा छाड्ने प्रबृत्तिको पहिचान गरी त्यसको समाधान खोज्न ।

## परिच्छेद -२

## प्रदेशस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन

६. प्रदेशस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन: (१)प्रदेशस्तरमा बालिका तथा समावेशी शिक्षा सम्बन्धी गतिविधि सञ्चालन गर्न सचिवको संयोजकत्वमा देहाय बमोजिम एक प्रदेशस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल रहने छ ।

(क) महाशाखा प्रमुख(शैक्षिक योजनासँग सम्बन्धित), मन्त्रालय - संयोजक
(ख) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य
(ग)प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
(घ) प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग - सदस्य
(ङ)महानिर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य
(च) तालिम प्रमुख, शिक्षा तालिम केन्द्र - सदस्य
(छ) प्रमुख/प्रतिनिधि, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश - सदस्य
(ज) प्रमुख/ प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेश - सदस्य
(झ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा, पोखरा महानगरपालिका- सदस्य
(ञ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य
(ट)महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा, मन्त्रालय - सदस्य
(ठ)कानुन अधिकृत, मन्त्रालय - सदस्य
(ड)प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी - सदस्य
(ढ)अध्यक्ष, शिक्षक महासंघ, गण्डकी प्रदेश - सदस्य
(ण) अध्यक्ष, प्याब्सन, गण्डकी प्रदेश - सदस्य
(त)अध्यक्ष, एनप्याब्सन, गण्डकी प्रदेश - सदस्य
(थ)प्रमुख/ प्रतिनिधि, गैर सरकारी संस्था महासंघ, गण्डकी प्रदेश - सदस्य

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

(द)प्रमुख/ प्रतिनिधि, अभिभावक महासंघ, गण्डकी प्रदेश - सदस्य

(ध)प्रमुख, राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश - सदस्य

(न)समन्वय अधिकृत, राष्ट्रिय बाल अधिकार परिषद् - सदस्य

(ऩ)प्रतिनिधि प्रदेश प्रहरी महिला सेल - सदस्य

(प)शाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा - सदस्य सचिव

(२) सञ्जालले बैठकमा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाका प्रतिनिधी, ईन्सेक नेपाल, राइट फर चिल्ड्रेन, आसमान नेपाल र आवश्यकता अनुसार स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद र सामाजिक विकास शाखामा कार्यरत कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सञ्जालको बैठक आवश्यकतानुसार बस्नेछ।

(४) सञ्जालको बैठकको कार्यविधि सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

७. <u>प्रदेशस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यविवरणः</u> प्रदेशस्तरीय बालिका तथा सामावेशी शिक्षा सञ्जालको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) प्रदेशस्तरमा बालिका तथा सिमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ उपलव्धी हासिल गर्नका लागि प्रदेश सरकारलाई नीतिगत सुझाव उपलव्ध गराउने,

(ख) समावेशी शिक्षा सबलीकरणका लागि कार्यक्रम तथा बजेट व्यवस्थाका लागि आवश्यक कार्य गर्ने ।

(ग) प्रदेशस्तरमा बालिका तथा समावेशी शिक्षा सम्बन्धी गतिविधि सञ्चालन गर्ने तथा गर्न प्रेरित गर्ने ।

(घ) प्रदेशका स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गर्न तथा क्रियाशिल बनाउन पहल गर्ने तथा सहजिकरणको व्यवस्था मिलाउने ।

(ङ) स्थानीय तहवाट सम्प्रेषण भई आएका गुनासोको प्राथमिकिकरण गरी त्यसलाई सम्वोधन गर्न आवश्यक सहजीकरण गर्ने ।

(च) प्रदेश तहमा सम्बोधन हुन नसकेका गुनासोलाई समाधानका लागि सम्बन्धित निकायमा पहल गर्ने ।

(छ) स्थानीय तहमा रहेको बालिका तथा समावेशी शिक्षा सञ्जाल तथा विद्यालयमा रहेको गुनासो सुनुवाइ संयन्त्रको अनुगमन गरी आवश्यक सहजिकरण गर्ने ।

(ज) समस्या समाधान गर्न नगरपालिकाको वार्षिक तथा अध्यावधिक योजनामा समावेस गर्न पहल गर्ने ।

(झ) विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिको न्यूनीकरणको लागि पहल गर्ने ।

(ञ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने ।

८. <u>प्रदेशस्तरीय सहजिकरण समितिः</u> समावेशी शिक्षा कार्यान्वयन सम्बन्धमा प्राप्त गुनासा एवम् समस्याको समाधानका लागि देहाय बमोजिमको एक सहजिकरण समिति गठन हुनेछ ।

(क) महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, मन्त्रालय- संयोजक

(ख) प्रमुख/प्रतिनिधि, सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा- सदस्य

(ग) समन्वय अधिकृत, राष्ट्रिय बाल अधिकार परिषद्

(घ) प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालय

(ङ) मन्त्रालयले तोकेको सामाजिक विकास महाशाखाको अधिकृत प्रतिनिधि- सदस्य

(च) शाखा प्रमुख, शैक्षिक योजना तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव

९. <u>प्रदेशस्तरीय सहजिकरण समितिको कार्य विवरणः</u> प्रदेशस्तरीय सहिजकरण समितिका कार्य देहाय बामोजिम हुनेछन।

(क) बालिका तथा समावेशी शिक्षा सञ्जाल समक्ष कुनै उजुरी एवम् गुनासा प्राप्त हुन आएमा उक्त गुनासा उपर सुनुवाई गरी सहजिकरण एवम् समस्याको समाधानमा सहयोग पुऱ्याउने ।

(ख) समस्याको प्रकृति छुटयाई आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(ग) गुनासा एवम् समस्याहरुको सम्बन्धमा भएका गतिविधिको बारेमा सञ्जाललाई जानकारी गराउने ।

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

सचिव

माननीय विन्दु कुमार थापा

परिच्छेद-३

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

## स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन

१०. स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन: (१) स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सम्बन्धी गतिविधि सञ्चालन गर्न देहायबमोजिम बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन हुनेछः

(क) स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष - संयोजक

(ख) समाजिक विकास समितिको संयोजक -सदस्य

(ग) शिक्षा समितिको सदस्य १ जना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये स्थानीय तहले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना अध्यक्ष - सदस्य

(ङ) शिक्षक अभिभावक संघका अध्यक्ष वा अध्यक्षले तोकेको १ जना अभिभावक प्रतिनिधि

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्ये कम्तीमा १ जना महिला सहित ३ जना - सदस्य

(छ) संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट २ जना - सदस्य

(ज) स्थानीय तहका बाल अधिकार समितिका अध्यक्ष -सदस्य

(झ) स्थानीय स्तरमा लैङ्गिकता र बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था मध्ये संयोजकले तोकेको कुनै एक संस्थाको प्रमुख/ प्रतिनिधि - सदस्य

(ञ) विद्यालयका लैङ्गिक सम्पर्क विन्दु मध्ये संयोजकले तोकेको २ जना शिक्षक- -सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ठ) माध्यमिक तहमा अध्ययनरत विद्यार्थी मध्ये छात्र छात्रा १/१ जना - सदस्य

(ड) स्थानीय तहमा रहेको नेपाल प्रहरीको ईकाइबाट महिला प्रहरी प्रतिनिधि- सदस्य

(ढ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य सचिव

(२) समितिले बैठकमा स्थानीय स्तरमा लैङ्गिकता र बालअधिकारको क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्था, स्थानीय तहका बाल क्लब, विद्यालय नर्स कार्यक्रम सञ्चालन भएका स्थानीय तहका नर्स र स्थानीय स्तरमा क्रियाशिल अधिकारकर्मीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सञ्जालको बैठक आवश्यकतानुसार बस्नेछ।

(४) सञ्जालको बैठकको कार्यविधि सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल

माननीय विन्दु कुमार थापा
मन्त्री

११. <u>स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यविवरण:</u> स्थानीय तहमा गठित बालिका तथा सामावेशी शिक्षा सञ्जालको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय तहमा लैङ्गिक समानता र समावेशीकरण सुनिश्चित गर्न आवश्यक कार्यहरु गर्ने,

(ख) विद्यालयस्तरीय योजना तथा स्थानीय तहको योजनामा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी विषयवस्तुलाई अन्तरसम्बन्धित विषयवस्तुको रुपमा लिइ सोहि बमोजिमका कार्यक्रम विकास गर्ने, बजेट व्यवस्थाका लागि पहल गर्ने र कार्यान्वयनको व्यवस्था मिलाउने,

(ग) गुनासो सुनुवाई कार्यविधी, २०७४ अनुसार स्थानीय तहभित्रका विद्यालयहरुमा गुनासो सुनुवाई समिति गठन गर्ने व्यवस्था मिलाई उक्त समितिलाई क्रियाशिल बनाउने ।

(घ) अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने।

(ङ) विद्यालयस्तरमा गुनासो संकलन गर्ने, प्राप्त गुनासोको बर्गिकरण र प्राथमिकीकरण गरी गुनासोको संबोधन गर्नका लागि विद्यालयको क्षमता विकास गर्ने ।

(च) विद्यालयस्तरमा संबोधन हुन नसकेका गुनासा एवम् समस्यालाई समाधानका लागि सम्बन्धित निकायमा पठाउने, समाधानका लागि पहल गर्ने ।

(छ) विद्यालयस्तरमा बालिका तथा समावेशी शिक्षाको सफल कार्यान्वयन गरेका विद्यालय एवम् सम्पर्क विन्दुलाई पुरस्कार एवम् प्रोत्साहनको व्यवस्था मिलाउने।

(ज) सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चितताका लागि आवश्यकता अनुसार स्रोत व्यवस्था गर्न पहल गर्ने साथै व्यवस्था मिलाउने ।

(झ) सबै तह र प्रकारका विद्यालयमा लैङ्गिक जातिय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य वहिष्करणको पहिचान गरी अन्त्य गर्न पहल गर्ने।

(ञ) स्थानीय तहमा गठन हुने विभिन्न समिति, कार्यदल, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र सामाजिक प्रतिनिधित्वको सुनिश्चितताको लागि पहल गर्ने ।

(ट) समावेशी शिक्षाको सचेतना अभिबृद्धि गर्दै सुनिश्चितताका लागि विभिन्न प्रतियोगीता, सडक नाटक, सञ्चार माध्यममा बहस पैरवी गर्ने र उपयुक्त प्रकारको श्रव्यदृष्य सामग्री विकास गरी प्रसारणको व्यवस्था मिलाउने ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

मानननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

(ठ) क्रमबद्ध रुपमा विद्यालय र विद्यालयको सेवा क्षेत्रलाई सचेतनाको माध्यमबाट हिंसा, दण्ड र बहिस्करण मुक्त क्षेत्रको रुपमा विकास गरी समावेशी शिक्षा सुनिश्चित भएको घोषणा गर्दै बालिका तथा समावेशी शिक्षा सञ्जाल सुनिश्चित भएको स्थानीय तह घोषणाको लागि कार्य गर्ने,

(ड) लैङ्गिक सम्पर्क विन्दु, बाल क्लवहरुका लागि समय समयमा अभिमुखिकरणको व्यवस्था मिलाउने,

(ढ) अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि विद्यालयहरुको क्षमता विकास गर्ने, स्रोत व्यवस्थापन गर्ने र अभिभावकहरुका लागि पनि बालिका तथा समावेशी शिक्षाको सम्बन्धमा सचेतना विकास गर्ने अवसरको सृजना गर्ने, वातावरण मिलाउने ।

(ण) अन्य स्थानीय तहहरु बीच सम्पर्क समन्वय गरी आपसमा असल अभ्यास एवम् अनुभवहरुको आदान प्रदान गर्ने ।

(त) सञ्जाल सञ्चालनका लागि आवश्यक कार्यविधि बनाई लागु गर्ने।

१२. <u>स्थानीय सहजिकरण समितिः</u> समावेशी शिक्षा कार्यान्वयन सम्बन्धमा प्राप्त गुनासा एवम् समस्याको समाधानका लागि देहाय बमोजिमको एक स्थानीय सहजिकरण समिति गठन हुनेछ।

(क) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक

(ख) सञ्जालको सदस्य मध्येबाट संयोजकले तोकेको माध्यमिक विद्यालयको प्र.अ- सदस्य

(ग)प्रतिनिधि, स्थानीय तहमा रहेको नेपाल प्रहरीको ईकाइको प्रतिनिधी- सदस्य

(घ) सामाजिक विकास महाशाखाको प्रमुख/ प्रतिनिधि- सदस्य

१३. <u>स्थानीय सहजिकरण समितिको कार्य विवरणः</u> स्थानीय सहिजकरण समितिका कार्य देहाय बामोजिम हुनेछन ।

(क) बालिका तथा समावेशी शिक्षा सञ्जाल समक्ष कुनै उजुरी एवम् गुनासाहरु प्राप्त हुन आएमा उक्त गुनासा उपर सुनुवाई गरी सहजिकरण एवम् समस्याको समाधानमा सहयोग पुऱ्याउने ।

(ख) समस्याको प्रकृति छुट्याई आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(ग) गुनासा एवम् समस्याहरुको सम्बन्धमा भएका गतिविधिहरुको बारेमा सञ्जाललाई जानकारी गराउने ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

मानननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

परिच्छेद -४

सम्पर्क एवं समन्वय

१४. प्रदेशस्तरीय बालिका तथा सामावेशी शिक्षा सञ्जालको सम्पर्क एवम् समन्वयः प्रदेशस्तरीय बालिका तथा सामावेशी शिक्षा सञ्जालले प्रचलित नियम/कानुन बमोजिम देहाय बमोजिमका निकाय एवम् संस्थासँग प्रत्यक्ष सम्पर्क एवम् समन्वय स्थापीत गर्ने छ ।

(क) संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(ग) अर्थ मन्त्रालय
(घ) प्रदेश नीति तथा योजना आयोग
(ङ) सुरक्षा निकाय
(च) स्थानीय तह
(छ) गैर सरकारी संघ संस्था र समितिले आवश्यक ठानेका अन्य निकाय एवम् संघ संस्था

१५. स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालको सम्पर्क एवम् समन्वयः स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालले प्रचलित नियम/कानुन बमोजिम देहाय बमोजिमका निकाय एवम् संस्थाहरुसँग प्रत्यक्ष सम्पर्क एवम् समन्वय स्थापित गर्ने छ ।

(क) संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(ख) मन्त्रालय
(ग) अन्य स्थानीय तह
(घ) स्थानीय तहका सबै विद्यालय
(ङ) गैर सरकारी संघ संस्था र समितिले आवश्यक ठानेका अन्य निकाय एवम् संघ संस्था

१६. समावेशी शिक्षा सबलिकरणका लागि सरोकारवालाको भूमिका

(क) शैक्षिक नीति, कार्यक्रम तर्जुमा गर्दा लक्षीत वर्गको सहभागित हुने व्यवस्था मिलाउने।

मानवीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

(ख) शैक्षिक नीति, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन गर्दा लक्षीत वर्ग र समूदायको सहभागिता हुने अवसर प्रदान गर्ने ।

(ग) पाठ्यक्रम निर्माण एवम् परिमार्जन प्रकृयामा सबै क्षेत्र, बर्ग र समुदायको सहभागीता सुनिश्चित गर्ने ।

(घ) शैक्षिक संस्थाहरुमा जनशक्ति व्यवस्थापन एवम् जनशक्तिको वृत्ती विकासमा समावेशीताको नीति अबलम्बन गर्ने

(ङ) सबै बालबालिकाले गुणस्तरीय सिकाइ अवसर प्राप्तीका लागि उपयुक्त शैक्षिक एवम् भौतिक संरचना निर्माण एवम् प्रविधिको विकास गरी पहुँच सुनिश्चित गर्ने।

(च) विद्यालय व्यवस्थापन समितिलाई प्रभावकारी बनाउने ।

(छ) आफ्ना बालबालिकालाई अनिवार्य विद्यालय पठाउने आदी ।

## परिच्छेद -५

## विविध

१७. **स्रोत व्यवस्थापनः** (१) प्रदेशस्तरीय बालिका तथा सामावेशी शिक्षा सञ्जालको कार्यविवरणमा उल्लेखित गतिविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रदेश सरकार र प्रदेशमा क्रियाशिला गैर सरकारी संघ संस्थाह मार्फत स्रोत पहिचान एवम् परिचान गर्ने व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यविवरणमा उल्लेखित गतिविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय तह र स्थानीय तहमा क्रियाशिल गैर सरकारी संघ संस्था मार्फत स्रोत पहिचान एवम् परिचान गर्ने व्यवस्था मिलाइनेछ ।

१८. **कार्ययोजना** (१) प्रदेशस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालले सञ्चालन गर्ने गतिविधि सम्बन्धमा वार्षिक कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने छ।

(२)स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालले सञ्चालन गर्ने गतिविधिहरु सम्बन्धमा वार्षिक कार्ययोजना तयार गरी स्थानीय तहबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने छ ।

१९. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) प्रदेशस्तरीय बालिका तथा सामावेशी शिक्षा सञ्जालको कार्यविवरणमा उल्लेखित कार्य र विद्यालय तथा क्याम्पस तहमा समावेशी शिक्षा कार्यान्वयनको

अवस्था बारेमा प्रदेशस्तरीय सञ्जाल र स्थानीय तहमा गठित सञ्जालले एकिकृत रुपमा अनुगमनको व्यवस्था मिलाउन सक्नेछन्।

(२) स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यविवरणमा उल्लेखित कार्य र विद्यालयमा समावेशी शिक्षा कार्यान्वयनको अवस्था बारेमा स्थानीय तहमा गठित सञ्जालले विभिन्न उपसमिति गठन गरी स्थानीय तह भित्र अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

२०. <u>संशोधन</u> **एवम् हेरफेरः** यस मापदण्ड बमोजिम कार्यान्वयनमा कुनै समस्या सृजना भएमा प्रदेशस्तरीय संरचना र कार्यविवरण प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयले र स्थानीयको संरचना र कार्यविवरण स्थानीय तहले संशोधन एवम् हेरफेर गर्न सक्नेछ ।

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल